# बैलिस्टिक मिसाइल आक्रमणको अवस्थामा गर्नुपर्ने कार्यहरु (संशोधित)
# (विदेशी भाषाका वक्ताहरुका लागि)

बैलिस्टिक मिसाइल साह्रै छोटो अवधिभित्र जापानमा पुग्न सक्छ। यो अवधि मिसाइल वा क्षेप्यास्त्र प्रहारको १० मिनेटभन्दा कम पनि हुनसक्छ । जापानमा बैलिस्टिक मिसाइल अवतरण हुने संभावना देखिएमा, जापान सरकारले जे अर्लट (तत्काल आकस्मिक सूचना पठाउन बनाइएको प्रविधि) मार्फत एक विशेष सन्देशकासाथै सार्वजनिक स्पिकरको माध्यमबाट आपत्कालिन चेतावनीको साइरन पठाउनेछ । जापान सरकारले इमेल सिस्टमबाट आपत्कालिन जानकारी पनि पठाउनेछ।

◎ 'एरिया मेल' को फोन रिङटोन(मिसाइलबारे जानकारीकालागि) र 'आपतकालिन इमेल'
https://www.youtube.com/watch?v=4gZW7HRHJmM

◎ 'नागरिक सुरक्षा साइरन' र 'जे अर्लट'
http://www.kokuminhogo.go.jp/en/about/means.html#siren

नगरपालिकाद्वारा जडान गरिएका सार्वजनिक स्पिकर तथा मोबाइल फोन, रेडियो, टिभी आदिका माध्यमबाट जे अर्लट पठाइनेछ। साथै तल लेखिएको सन्देश पनि जापानी भाषामा पठाउनेछ।

**(उदाहरण) ठाउँ तुरुन्त खाली गर्नुहोस् । ठाउँ तुरुन्त खाली गर्नुहोस् । सकेसम्म बलियो भवनभित्र जानुहोस् अथवा अण्डरग्राउण्ड तलामा जानुहोस् । मिसाइलको कुनै भाग जमिनमा खस्न सक्छ । कतै आश्रय लिनुहोस्। सकेसम्म भवनभित्र जानुहोस्।**

तपाईको मोबाइलमा तपाईले कहिल्यै नसुन्नु भएको साइरन वा ध्वनि बजि जापानी भाषामा सन्देश सुन्नु भएको अवस्थामा आफ्ना छेउछाउमा भएका व्यक्तिलाई सोधेर सन्देशको अर्थ पत्ता लगाउनु होस् र .......

## सकेसम्म बलियो भवनभित्र जानुहोस् अथवा अण्डरग्राउण्ड तला भएको ठाउँमा छिर्नुहोस्।

- **घर बाहिर हुनुहुन्छ भने, रुमालले नाक र मुख बन्द गरेर सकेसम्म बलियो भवन तथा जमिनमुनि भाग्नुहोस्। हावाप्रवाह नहुने कोठामा जानुहोस्।**
- **घरभित्र हुनुहुन्छ भने, एसी तथा पंखा बन्द गर्नुहोस् । झ्याल बन्द गर्नुहोस् अनि झ्याल र भित्ताकोबिचमा हावा छिर्ने चर छ भने त्यो थुन्नुहोस् ताकि कोठामा कुनै पनि हावा छिर्न नपाओस्।**

(माथि दिइएको जानकारी क्याबिनेट सचिवालयद्वारा जारी सूचनामा आधारित छ । सम्पादन ओसाका विश्वविद्यालयद्वारा गरिएको हो।)
तपाईलाई आपतकालिन अवस्थाका आवश्यकताबारेमा सूचना प्रदान गर्नकालागि प्रकोप-सम्बन्धित जानकारीहरु ओसाका विश्वविद्यालयको वेबसाइटमा विभिन्न भाषामा उपलब्ध छन्।
(ओसाका विश्वविद्यालय वेबसाइट : बहुभाषी विपत्तीबारेमा जानकारी)

◎ http://www.respect.osaka-u.ac.jp/activities/notice/general_disaster_info_multilingual/